

# अध्याय –११

## परमेश्वरको लालमोहर छाप र पशुको छापः भाग १

**यस अध्यायका मूल पदहरूः** प्रकाश १४:१२, एफिसी २:८-१०, मत्ती २७:४५-५०, प्रकाश १३:१५-१७, प्रकाश १४:४ र लूका ५:१८-२६।



यस अध्यायको मूल सार पदः "२ तब जीवित परमेश्वरको मोहोर साथमा लिई अर्को एक जना स्वर्गदूत पूर्वबाट उक्लेका मैले देखें। पृथ्वी र समुद्रलाई हानि पुऱ्याउने अख्तियार दिइराखेका चार स्वर्गदूतलाई यसो भनेर तिनले चर्को सोरले भने, ३ "हामीले हाम्रा परमेश्वरका दासहरूका निधारमा मोहोर नलाउञ्जेल पृथ्वी, समुद्र वा रूखहरूलाई केही हानि नगर।" प्रकाश ७:२-३।

जब हामी युगको अन्तको समयमा हुने घट्नाहरूमा पशुको छापको बारेमा अध्ययन गर्छौं, तब एउटा निर्णायक विषयबस्तु दिमागमा आउनु जरुरी छ। त्यो हो, परमेश्वर र मानव शत्रुले परिचालन गर्ने क्रियाकलापक  भिन्नता के छ।

खीष्ट र सैतानको बीचमा भइरहेको महान् भिषण द्वन्द्वको मूख्य विषयबस्तु बफादारीता, आधिकारिकता र आराधनामा केन्द्रित भएको छ भनेर हामीले अध्ययन गरिरहेकाछौं। प्रकाश १३मा वर्णन गरिएको पशुको शक्तिको बारेमा भविष्यवाणी, दानिएल ७ मा उल्लेख गरिएको सानो सिङ्ग र २ थेस्सोलिनिकी २मा उल्लेख गरिएको पापको मानिस वा सर्वनाशको छोरो, सबै

त्यो शक्ति हो जसले परमेश्वरको राज्यशासनलाई उल्टयाउन खोज्छ, सारा जगतले आफूलाईमात्र ढोग भन्ने आदेश दिन्छ र चर्चमा गरिने आराधनामा नकल पद्धति वा क्रियाकलाप भित्राउँछ। सैतानको पक्षमा लागेर उसको आराधना गर्न उसले अनेकौं उपायहरू अपनाउँछ, जस्तै जबरजस्ती गरेर हुन्छ कि, कर गरेर हुन्छ कि घुस दिएर हुन्छ कि इनाम वा सम्मान दिएर हुन्छ कि भाउ दिएर हुन्छ आदिर।

त्यसको बिपरित परमेश्वरको राज्यतिर आकर्षित गर्ने ठूलो शक्ति नै प्रेम हो। पशुको आराधना गर्नु भन्दा परमेश्वरको आराधना गर्दा उहाँका जनहरू अत्यन्तै आनन्दित हुन्छन् र उहाँको आराधना खुशिपूर्वक गर्छन्। तिनीहरू परमेश्वरप्रति समर्पित हुन्छन् किनकि तिनीहरूलाई थाहा छ कि उहाँ तिनीहरूप्रति कस्तो समर्पित हुनुहुन्छ। अन्तको समयमा पशुको छापबाट अलग हुन केवल एउटैमात्र उपाय हो येशूप्रतिको प्रेममा यसरी गाढिनुपर्छ कि त्यसबाट कसैले पनि हल्लाउन सक्दैन। ***यस विषयको अध्ययनमा हामी अघि बढ्नेछौं।***

## १. कसैले हल्लाउन नसक्ने गरेर अडिग भएर बस्नु

परमेश्वरले संसारका प्रत्येक मानव प्राणीले उहाँको प्रणाम गरुन् वा आराधना गरुन् भन्ने आह्वान प्रकाश १४:७मा दिएको हामीले पढिरहेका छौं। यो पहिलो स्वर्गदूतको सन्देश हो। प्रकाश १४:९मा परमेश्वरले मानिसहरूलाई चेतावनी दिनुहुन्छ। तिनीहरूले "बेबिलोन" वा गलत धार्मिक प्रणाली जसको जरा पौराणिक बेबिलोनमा थियो, त्यसको आराधना नगर भनेर उहाँले आह्वान गर्नुभएको थियो। यो दोस्रो स्वर्गदूतको सन्देश हो।

प्रकाश १४:९,१०मा पशुको पूजा नगर्नु भनेर तेस्रो स्वर्गदूतले चेतावनी दिएको सन्देश हामी पढ्छौं। ठूलो स्वरले स्वर्गदूतले यो घोषणा गर्दछन्, "८ अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।" ९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ।" प्रकाश १४:८-१०।

**युगको अन्तमा रहने परमेश्वरको जनहरूको दुई चरित्रहरू के छन् भनेर प्रकाश १४:१२मा दिएकोछ। ती चरित्रहरू किन महत्त्वपूर्ण छ? हेर्नुहोस्, "१२ परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"**

ग्रीक भाषामा "धैर्य" *hupomone हुपोमोन* हो। त्यसलाई "दृढ अटल" हुनु हो। विरोध र अग्निमय सतावतको बीचमा युगको अन्तमा परमेश्वरका जनहरू हुनेछन् जो उहाँप्रति बफादार हुन्छन्। उहाँको अनुग्रहले तिनीहरू दृढ अटल भएर बस्नेछन्। तिनीहरू परमेश्वर-केन्द्रित, अनुग्रहले भरिएको र आज्ञाकारी जीवनहरू बिताएका हुन्छन्।

परमेश्वरको आराधना गर्दा (प्रकाश १४:७) पशुलाई पूजा गर्नु (प्रकाश १४:९)को सिधै विरोध गरेको हुन्छ। परमेश्वरका आज्ञा पालन गर्नेहरू र येशूको विश्वास हुनेहरूले (प्रकाश १४:९) दमन नीति सहनुपर्ने हुन्छ। यो अन्तिम द्वन्द्वले येश ख्रीष्टको पक्षमा उभिने कि पशुको पक्षमा उभिने भन्ने निर्णय गर्नुपर्ने हुन्छ। त्यो निर्णय आराधनामा केन्द्रित हुनेछ। असल र खराबको महान् द्वन्द्वको मुटु साबथ हुनेछ।

**देहायका पदहरू पढ्नुहोस्। विश्वासद्वारा जिउँदाको नतिजा के हुन्छ भनेर ती पदहरूले हामीलाई के सिकाउँछ? हेर्नुहोस्, "१ यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन। २ पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ। ३ पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात् उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैं पठाउनुभयो। यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो, ४ यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं।" रोमी ८:१-४; "८ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ— र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो— ९ कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ। १० किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी तीबमोजिम हिंड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।" एफिसी २:८-१० र "मेरो अन्तस्करणमा उहाँले नै जोड़सँग प्रेरणा दिनुभएको शक्तिअनुसार म यसैको निम्ति कठोर परिश्रम गर्दछु।" कलस्सी १:२९।**

जब हामी विश्वासद्वारा जिउँछौं, तब हामीले उहाँको अनुग्रह प्राप्त गर्छौं, र हाम्रा जीवनहरू परिवर्तन हुन्छ। मुक्तिदातामा अर्पित जनहरूमा केवल येशू "मा"मात्र विश्वास हुँदैन, तर येशू "को" विश्वास पनि तिनीहरूमा हुनेछ। युगको अन्तमा हुने येशूको विश्वासको गुण तिनीहरूको हुनेछ। तिनीहरू येशू जस्तै मृत्युमा पनि अटल भएर बस्नेछन्।

**सानो तिनो कुराहरूमा तपाईं कतिको विश्वासिलो र भर पर्दो हुनुहुन्छ? जब कष्ट आउँछ तब त्यसले तपाईं के हुनेछ भनेर त्यसको जवाफले तपाईंको बारेमा कसरी बताउँदछ? हेर्नुहोस्, लूका १६:१० "जो थोरै कुरामा ईमानदार हुन्छ, त्यो धेरैमा पनि ईमानदार हुन्छ, र जो अति सानो कुरामा बेईमान हुन्छ, त्यो धेरैमा पनि बेईमान हुन्छ।"**

## २. जगतब्रम्हाण्डमा भिषण संग्राम

**मत्ती २७:४५-५० मा येशूले क्रूसमा के भयाभव अनुभव गर्नुभएको थियो भनेर उल्लखे गरिएको छ। परमेश्वरले त उनलाई नै त्याग्नुभयो भनेर उहाँले गर्नुभएको चित्कारको अर्थ के हो? येसूको विश्वास हामीमा हुनु भनेको के हो भनेर त्यस दृश्यले हामीलाई बुझाउन कसरी सहयोग गर्दछ? हेर्नुहोस्, "४५ अब मध्याह्नदेखि तीन बजेसम्म सारा देशमा अन्धकार भयो। ४६ तीन बजेतिर येशू यसो भनेर ठूलो सोरले कराउनुभयो, "इलोई, इलोई, लामा सबखथनी?" अर्थात्, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?" ४७ त्यहाँ उभिएकाहरूमध्ये कति जनाले यो सुनेर भने, "यस मानिसले एलियालाई बोलाउँदैछ।" ४८ तिनीहरूमध्ये एक जनाले झट्टै दगुरेर गई एउटा स्पन्ज लिई सिर्कामा चोपेर निगालोमा राखी उहाँलाई पिउन दियो। ४९ तर बाँकीले भने, "हेरौं, कतै एलिया यिनलाई बचाउन आउँछन् कि?" ५० तब येशू फेरि ठूलो सोरले कराउनुभयो र आफ्नो आत्मा त्याग्नुभयो।"**

अन्धकारले छोपिरहेको समयमा येशू क्रूसमा झुण्डिरहनुभएको थियो। सारा मानव जगतको दोष, दण्ड, लज्जा वा बेइज्जत र पाप उहाँले बोकिरहनुभएको थियो। त्यसबेला आफ्नो प्रिय पिताको प्रेमबाट आफू छुटिएको आभास् पाउनुभएको थियो, तैपनि यस पृथ्वीमा रहुञ्जेल परमेश्वर पितासँग आफ्नो सम्बन्धलाई याद गर्दै त्यसैमा भर पर्न उहाँ अडिग हुनुभएको थियो। यस संसारमा रहनुहुँदा उहाँले आफ्नो जीवन पितामाथि पूरा भरोसा राख्नुभएको थियो। असल र रमाइलो समयमा उहाँमाथि गरेको भरोसा अत्यन्तै खराब समय वा क्रूसको पीडा सहन उहाँलाई तयार पारेको थियो। आफ्नो वरिपरि

रहेको अन्धकार परिस्थितिहरूमा परमेश्वरलाई शङ्का गर्न सक्ने भएतापनि मुक्तिदाताले उहाँमाथि नै भरोसा राख्नुभएको थियो। परमेश्वर पिताले उहाँलाई त्यागेको आभास् उहाँले पाएतापनि उहाँमाथि आफ्नो भरोसा र विश्वास उहाँले त्यागनुभएन।

"अत्यन्तै भयाभव अन्धकारमा परमेश्वरले त्यागनुभएको क्षणको आभास् पाएको भएतापनि आफ्नो अन्तिम रगतको थोपा मानव दयनीय अवस्थाको कपमा खन्याउनु भएको थियो। त्यस भयाभव र डरलाग्दो घडीमा पिताले उहाँलाई पहिले नै स्वीकार गर्नुभएको प्रमाणमा उहाँ भर पर्नु भएको थियो।... विश्वासद्वारा ख्रीष्टले विजय पाउनुभएको थियो।"-एलेन जी ह्वाइट, *क्राइस्ट ट्रायम्फ,* २७७।

येशूमा भएको विश्वास यस्तो गहिरो, भरपर्दो र समर्पित थियो कि सारा जगतका दुष्ट पतित स्वर्गदूतहरूले र पृथ्वीमा भएको सबै दुःखकष्टले उहाँलाई हल्लाउन सकेको थिएन। देख्न नसिकनेमा भरोसा राख्ने विश्वास, बुझ्न नसकेपनि विश्वास गर्नु र चुँड्नै लागेको डोरीमा झुण्डी रहने विश्वास येशूप्रति समर्पित प्रत्येक येशूभक्तको खुबी हो। यस खालको "येशूको विश्वास" सितिमिति आउँदैन तर विश्वासैद्वारा पाउने बरदान हो र यसले जीवनको कुनै पनि आउने सङ्कटको सामना गर्न बल र शक्ति दिन्दछ। यदि हाम्रा हृदयहरूमा "येशूको विश्वास" रहिरह्यो भने सचमुचरूपमा ख्रीष्टलाई सर्वोपरि मानेर उहाँको आराधना गर्न हामीलाई सक्षम् बनाउँछ। जब प्रकाशको पुस्तकमा दिइएको पशुको छाप कार्यान्वयन हुन्छ त्यसबेला परमेश्वरका जनहरूलाई आउने महासङ्कटको समय उहाँप्रति बफादार भइरहन बल पाउँदछ।

फेरि, यस खालको विश्वास अचानक कहींबाट आउने होइन। अहिले नै परमेश्वरका जनहरू दिनदिनै विश्वासद्वारा जिउने सिकिरहेका हुन्छन्। असल समयमा परमेश्वर नजिक भएको अनुभव गरेको समयमा होस् वा खराब समयमा जब परमेश्वर टाढा भएको अनुभव गरेको समयमा होस् त्यसले उहाँमा भएको पक्का विश्वास ढलमलिन्दैन। "धर्मी विश्वासद्वारा जिउँछ" (गलाती ३:११, हबकूक २:४)। त्यसको लागि तयार हुने समय भोली होइन आज नै हो। अहिले नै विश्वाद्वारा सहेको प्रत्येक दुःखकष्ट र परिक्षाले हाम्रा जीवनहरूमा बहुमूल्य फलहरू फलाइरहेका हुन्छौं।

**तपाईंको जीवनको त्यस परिवेशलाई याद गर्नुहोस् जब तपाईंको वरिपरि सबै भताभुङ्ग भइरहेको छ र तपाईंमा केवल विश्वासमात्रै छ। ती परिस्थितिबाट**

**तपाईं कसरी पार हुनुभयो? तपाईंले के पाठ सिक्नुभयो? त्यही खालको अनुभवमा परिरहेका मानिसहरूलाई तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ?**

## ३. अधर्मीको सिक्री

पशुको छाप लगाउने भविष्यवाणी येशूका भक्तहरूको निम्ति भयाभव समय हो। तिनीहरूले धार्मिक असहिष्णुता वा धर्मको नाउँमा दमन भोग्नु पर्नेछ, आर्थिक कारोबारमा तिनीहरूलाई बहिष्कार गर्नेछ र अनेकौं सास्ती र सतावट दिइने र आखिरमा मृत्यु दण्ड। अचम्मको कुरो के छ भने यसमा येशूका भक्तजनहरूलाई उत्साह दिने सन्देश पनि छ। अत्यन्तै खराब र विषम समयहरूमा पनि परमेश्वरका आज्ञा पालन गर्ने र येशूमा भएको विश्वास हुने (प्रकाश १४:१२) भक्तजनहरूलाई परमेश्वरले सम्हाल्नुहुनेछ। ती आज्ञाहरू पालन गर्नेमा चौथो आज्ञा वा हप्ताको सातौं दिन साबथ पालना पनि हो।

प्रकाश १३ मा भविष्यवाणी गरिएको पशुको छापले हामीलाई अत्यन्तै खराब समय वा सैतानले परमेश्वरको विरुद्धमा युद्ध गर्ने पराकाष्टा वा चरमसिमालाई बताउँछ। अनेकौं छली अभियानद्वारा मानिहरूलाई धोखा दिने उसको पहिलो रणनीति हो। प्रकाश १३ले भविष्यको त्यो समयलाई औंल्याउँछ जब सैतानले इसाई धर्म नै किन नहुन् धार्मिक र राजनैतिक शक्तिहरूसँग मिलेर बलजफ्ती उसलाई ढोग्न लगाउँछ।

हुन त धर्मको नाउँमा सताइनु कुनै नौलो कुरो होइन। यो कयिनको समयदेखिनै यस संसारमा रहिरहेको छ। परमेश्वरको चाहना अनुसार हाबेलले उहाँको आराधना गरेकै कारण कयिनले उसलाई मारेको थियो (उत्पत्ति ४:१-८)। पहिलो शताव्दीमा होस् वा युगौं युगसम्म आफ्ना अनुयायीहरूले सतावट भोग्नुपर्नेछ भनेर येशूले अगावै भन्नु भएको थियो। उहाँले यो सतर्क गराउनु भएको थियो, "धर्मको निम्ति नै तिमीहरूलाई मार्ने मानिसहरूले परमेश्वरको सेवा गरिरहेका छन् भनेर सोच्नेछन्" (यूहन्ना १६:२, मत्ती १०:२२, १ पत्रुस ४:१२)।

पशुको छापको भविष्यवाणी ईश्वरविहिन साँग्लोमा जोडिने अन्तिम कदम हो। विगतको समयमा सतावट भएको जस्तै पशुको छाप कार्यान्वयन गर्ने समयमा केही धार्मिक विश्वासका नीतिहरूमा मिल्न, र धार्मिक र राजनैतिक कानुनले पारित गरेको प्रणालीको आराधना गर्न सबैलाई जबरजस्ती लाडिने छ।

अन्तिम सङ्कटको समयमा परमेश्वरका जनहरूले के सामना गर्नुपर्नेछ? हेर्नुहोस् प्रकाश १३:१५-१७, "१५ त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन्। १६ अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो। १७ त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो। १८ बुद्धिमत्ता यसैमा छः जसको समझ छ, त्यसले त्यस पशुको संख्या जोडोस्, किनकि त्यो कुनै मानिसको संख्या हो, र यो संख्याचाहिँ छ सय छयसट्ठी हो।"

आर्थिक नाकाबन्दी गरेर सतावट सुरु हुन्छ भनेर भविष्यवाणी लेखिएको छः यदि "छाप" नलगाएकोमा "कसैले किनबेचा गर्न सक्नेछैन।" जब यो उर्दी जारी गर्छ तब अधिकाँस मानिसहरू त्यसमा समावेश हुनेछन्। त्यो उर्दी पालन नगर्ने जो कोही पनि मृत्युदण्ड भोग्नुपर्ने हुन्छ।

सैतानले इसाई हुँ भनेर दावी गर्नेहरूलाई आफूसँग सम्झौता गरेर पशुको मानिसहरूलाई छाप दिन लगाउन तयार पारिरहेको छ। यो हामीलाई भविष्यमा आउने अन्तिम परीक्षा हो। त्यसबेला हामी प्रत्येकलाई परमेश्वरको प्रेमले बल दिनेछ र आउने सङ्कटको समयमा उहाँले हामीलाई सुरक्षित राख्नुहुनेछ।

देहायका पदहरू पढ्नुहोस्। यी अन्तिम दिनमा हुने घट्नाहरूको परिवेशमा नलेखिएतापनि यसमा लेखिएको नीति पशुको छापसँग किन महत्त्वपूर्ण छ र हामी पनि कसरी विश्वासमा अडिग भएर बस्न सक्छौं? हेर्नुहोस्, "७ धोकामा नपर, परमेश्वरको ठट्टा हुँदैन, किनभने मानिसले जे रोप्दछ त्यसैको कटनी पनि गर्नेछ। ८ जसले आफ्नो पापमय स्वभावको निम्ति रोप्तछ, त्यसले आफ्नो पापमय स्वभावबाट नै सर्वनाशको कटनी गर्नेछ। तर जसले आत्माको निम्ति रोप्तछ, त्यसले आत्माबाट नै अनन्त जीवनको कटनी गर्नेछ। ९ भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं। १० यसकारण मौका पाएअनुसार हामी सबै मानिसको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरूको, जो हाम्रो विश्वासका परिवारका हुन्।" गलाती ६:७-१०।

## ४. जो थुमालाई पछ्याउँछन्

पशु कहाँबाट आउँछ, र ऊ अधिकार सम्पन्न हुन कसले अधिकार दियो? हेर्नुहोस्, "१ समुद्रबाट एउटा पशु निस्किआएको मैले देखें, जसका दश

**वटा सीङ र सात वटा शिर थिए। त्यसका सीङमा दश वटा मुकुट थिए, र त्यसका शिरमा ईश्वर-निन्दाको नाउँ थिए। २ मैले देखेको त्यो पशु चितुवाजस्तै थियो, त्यसका खुट्टाहरू भालूका जस्ता थिए, र त्यसको मुख सिंहको जस्तो थियो। त्यस अजिङ्गरले त्यस पशुलाई आफ्नो शक्ति, आफ्नो सिंहासन र ठूलो अधिकार दियो।" प्रकाश १३:१-२।**

प्रकाश १३को पहिलो पशुलाई अजिङ्गरले शक्ति दिन्छ, उसको स्थान दिन्छ र उसलाई ठूलो अधिकार दिन्छ। प्रकाश १२:९ र प्रकाश २०:२ ले अजिङ्गर भनेको सैतान हो भनेर पहिचान गराइएको छ। सैतान धुर्त शत्रु हो र उसले पृथ्वीका शासकहरूसँग मिलेर काम गर्दछ। "पुरुष बालक" जन्मिने बित्तिकै "अजिङ्गर" वा सैतानले मार्न खोज्छ भनेर प्रकाश १२:२,३ ले बताउँछ। त्यो "पुरुष बालक" पछि "परमेश्वरको सिंहासनमा पुग्यो," भनेर उल्लेख गरिएको छ। यो येशू ख्रीष्टलाई सम्बोधन गरिएको स्पष्ट छ। बालक ख्रीष्टलाई सखाप पार्न सैतानले राजा हेरोड र रोमको राज्यशक्तिलाई प्रयोग गरेको थियो। येशूको जीवनको अन्त्यमा रोमी बडाहाकिम पिलातुसले येशूलाई मार्न हुकुम दिएका थिए। रोमीहरूले उहाँलाई निष्ठुर क्रूसमा टाँगिदिए, एक जना रोमी सिपाहीँले उहाँलाई भालाले घोचेका थियो, र रोमी सिपाहीँहरूले उहाँको चिहानलाई सुरक्षा दिएका थिए। प्रकाश १३:२ अनुसार मुर्तिपुजा गर्ने रोमसँग अजिङ्गर वा सैतानले मिलोमत्तो गरेर उदय हुने पशुलाई आफ्नो रोमी सरकारमा ठाउँ दिनेछ भनेको छ।

"अजिङ्गरले सैतानको प्रतिनिधि भनेर देखाइएतापनि खास गरेर त्यसले रोमी साम्राज्यलाई प्रतिनिधि गर्दछ। रोमी साम्राज्यको पतन पछि अजिङ्गरले वा सैतानले एक तत्वलाई शक्ति, स्थान र ठूलो अधिकार सम्पन्न गराउँछ। त्यो अरू कुनै नभएर रोमको पोपिय तन्त्र हो।"- *द एसडिए बाइबल कमेन्टरी,* ठेली ७, पृ. ८१७। इतिहासविद ए. सी. फ्लिकले यसरी व्याख्या गर्दछन्, "रोमको ध्वस्त राजनैतिक संरचनाबाट महान् नैतिक साम्राज्यको उदय भयो। त्यो महाशक्ति भएर उदय भएको संरचना हो रोमन क्याथोलिक चर्च।"-द राइज अभ द मिडइभिल चर्च (१९००) पृ. १५० द एसडिए बाइबल कमेन्टरी, ठेली ७, पृ. ८१७ बाट उद्धरण गरिएको।

**प्रकाश १३:३ र प्रकाश १४:४ पढ्नुहोस्। ती पदहरूमा के भिन्नता छ? हेर्नुहोस्, "मैले देखेको त्यो पशु चितुवाजस्तै थियो, त्यसका खुट्टाहरू भालूका जस्ता थिए, र त्यसको मुख सिंहको जस्तो थियो। त्यस अजिङ्गरले त्यस पशुलाई आफ्नो शक्ति, आफ्नो सिंहासन र ठूलो अधिकार दियो।"प्रकाश १३:२ र**

**"तिनीहरू स्त्रीसँग लसपस भएका थिएनन्, र आफूलाई चोखो राखेका थिए। थुमा जता-जता जानुहुन्छ उहाँको पछिपछि लाग्नेहरू यिनीहरू नै हुन्। परमेश्वर र थुमाको निम्ति पहिलो फलको रूपमा मानिसहरूका बीचबाट यिनीहरू मोल तिरी छुटाइएका थिए।" प्रकाश १४:४।**

सारा संसार पशुको पछि लाग्नेको बिपरित "थुमाको पछि लाग्ने" परमेश्वरका जनहरू हुनेछन्। जहिले पनि येशूको पक्षमा उभिने कि उहाँको विपक्षमा उभिने भन्ने निर्णय भइरहेको हुन्छ। मध्यम मार्ग वा ततष्ठ भएर बस्ने भन्ने अधिकार कसैलाई पनि दिएको छैन। येशूमा विश्वास राखेर अडिग नहुनेहरू जहिले पनि उहाँको विपक्षमा उभिरहेका हुन्छन्। विवेकलाई प्रयोग गरेर होस् वा नगरेर होस् प्रत्येक व्यक्ति येशूको साथमा कि त उहाँको विरोधीको साथमा खडा भइरहेको हुन्छ।

**येशूले स्पष्ट भन्नुभएको छ, "मेरो नाउँको खातिर सबैबाट तिमीहरू घृणित हुनेछौ। तर जो अन्त्यसम्म स्थिर रहन्छ, त्यसैको उद्धार हुनेछ।" मत्ती १०:२२। अन्त्यसम्म स्थिर रहन तपाईं कतिको तयार हुनुहुन्छ?**

## ५. येशूमात्रः हाम्रो मध्यस्थकर्ता

**पशुलाई चिनाउने चिन्हहरू के हुन् भनेर प्रकाश १३:४,५मा केलाएर हेर्नुहोस्, "४ मानिसहरूले अजिङ्गरको पूजा गर्दथे, किनकि त्यसले आफ्नो अधिकार पशुलाई दिएको थियो। तिनीहरूले यसो भन्दै पशुको पूजा गरे, "यो पशुजस्तो अरू को छ? यसको विरुद्धमा को लड्न सक्ने?" ५ त्यसलाई अहङ्कारी र ईश्वर-निन्दक शब्दहरू उच्चारण गर्ने मुख दिइयो। त्यसलाई बयालीस महिनासम्म अधिकार चलाउने अनुमति दिइयो।"**

प्रकाशको पशु भ्रष्ट इसाई धार्मिक शक्ति हो। यो मूर्तिपूजा गर्ने रोमबाट नै उदय भएको हो। यो बढ्दै बढ्दै जाने विश्वव्यापी धार्मिक प्रणाली हो। यसको अगुवा पोप हो जसलाई सबैले आराधना गर्न कर लगाउनेछ। प्रकाश १३:५ अनुसार यसले ईश्वर निन्दा गर्छ अर्थात् परमेश्वरको बेइज्जत गर्दछ। नयाँ करार अनुसार ईश्वर निन्दा गर्नु भनेको आफूलाई परमेश्वर सरह राख्नु हो र उहाँले पाउने अधिकारहरू आफूले लिएको दावी गर्दछ।

**ईश्वरनिन्दाका दुई पक्षहरू के हुन्? हेर्नुहोस् देहायका पदहरू, "१७ एक दिन उहाँ शिक्षा दिइरहनुहुँदा गालील र यहूदियाको हरेक गाउँ र यरूशलेमबाट आएका फरिसीहरू र शास्त्रीहरू नजिकै बसिरहेका थिए। परमप्रभुको निको पार्ने शक्ति उहाँसँग थियो। १८ मानिसहरूले एउटा पक्षाघाती**

मानिसलाई खाटमा ल्याए, र तिनीहरूले त्यसलाई भित्र ल्याउन र उहाँको अगाडि राखिदिन खोजे। १९ तर भीड़ले गर्दा त्यसलाई भित्र लैजाने केही बाटो नपाएर तिनीहरू छतमाथि चढ़े, र तिनीहरूले झिँगटी हटाएर त्यसलाई खाटैसमेत येशूको सामुन्ने ओरालिदिए। २० अनि उहाँले तिनीहरूको विश्वास देखेर भन्नुभयो, "ए मानिस, तिम्रा पाप क्षमा भयो।" २१ तब शास्त्रीहरू र फरिसीहरूले प्रश्न गर्न लागे, "ईश्वर-निन्दा गर्ने यो को हो? पाप त परमेश्वरले मात्र क्षमा गर्न सक्नुहुन्छ।" २२ तर येशूले तिनीहरूको प्रश्न थाहा पाएर तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, "तिमीहरू आफ्ना हृदयमा किन प्रश्न गर्दछौ? २३ 'तिम्रा पाप क्षमा भयो भन्नु कि 'उठेर हिँड़ भन्नु, कुनचाहिँ सजिलो छ? २४ तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भन्ने तिमीहरू जान।" त्यसपछि उहाँले त्यस पक्षाघातीलाई भन्नुभयो, "म तिमीलाई भन्दछु, उठ र आफ्नो खाट उठाएर घर जाऊ।" २५ अनि त्यो तुरुन्तै तिनीहरूकै सामुन्ने उठ्यो, र जुन खाटमा त्यो पड़िरहेको थियो सो उठाएर परमेश्वरको महिमा गर्दै त्यो आफ्नो घरतिर लाग्यो। २६ तब सबै जना आश्चर्यमा परे, र तिनीहरूले परमेश्वरको महिमा गरे, र भयभीत भएर यसो भने, "आज हामीले अनौठा कुरा देख्यौं।" लूका ५:१७-२६ र "३१ यहूदीहरूले उहाँलाई हानौं भनी फेरि ढुङ्गा उठाए। ३२ येशूले तिनीहरूलाई भन्नुभयो, "मैले तिमीहरूलाई मेरा पिताबाट धेरै असल काम देखाएँ, तीमध्ये कुन कामको निम्ति तिमीहरू मलाई ढुङ्गाले हान्न चाहन्छौ?" ३३ यहूदीहरूले उहाँलाई जवाफ दिए, "असल कामको लागि हामी तिमीलाई ढुङ्गाले हान्दैनौं, तर ईश्वर-निन्दा गरेको कारणले, किनकि तिमी मानिस भएर पनि आफैलाई परमेश्वर तुल्याउँछौ।" यूहन्ना १०:३१-३३।

यहूदी धर्मका अगुवा र पण्डितहरूले येशूले ईश्वरनिन्दा गर्नुभयो भनेर आरोप लगाएका थिए। येशूको मामिलामा त्यो आरोप अन्याय थियो किनकि उहाँमा सबै शक्तिहरू छन् र परमेश्वरका भएका सबै अधिकारहरू उहाँसँग छ। त्यो अधिकारमा हाम्रा पापहरू क्षमा दिने पनि एक हो। किनभने येशू परमेश्वर हुनुहुन्छ। यो उहाँ आफैले प्रभावकारी ढङ्गमा यसरी व्यक्त गर्नुभएको थियोः "९ येशूले तिनलाई भन्नुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। तिमी कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्?÷ १० म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ? जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै

अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ। ११ मलाई विश्वास गर, कि म पितामा छु, र पिता ममा हुनुहुन्छ। नत्रभने यी कामहरूकै खातिर विश्वास गर।" यूहन्ना १४:९-११।

फेरि १ तिमोथी २:५ले हामीलाई यो सिकाउँदछ कि परमेश्वर र मानिसको बीचमा केवल एक जनामात्र मध्यस्थकर्ता हुनुहुन्छ, त्यो मानव येशू ख्रीष्ट। त्यसको बिपरित रोमन क्याथोलिक चर्चले यो सिकाउँदछ कि परमेश्वर र पापी मानिसको बीचमा यसका क्योथोलिक पुरोहित वा फादरहरू मध्यस्थकर्ता हुन्। क्याथोलिक पुरोहित वा फादर आफै पापी मानिस भएकोले उनी हाम्रो निम्ति मध्यस्थकर्ता हुन सक्दैन किनभने उनलाई पनि मध्यस्थकर्ताको आवश्यक छ।

कोही मानिस भगवान, स्वामी भनेर दावी गर्छ वा परमेश्वरको ठाउँमा आफू बसेको देखाउँछ त्यसलाई पनि ईश्वरनिन्दा भनेर परिभाषित गरेको छ।

यहाँ रोमन क्याथोलिक चर्चको आधिकारिक स्रोतबाट नै दुई वक्तव्यहरू देखाएका छन्:

"पोपको गरिमा महान् र महामहिम उच्च छ। उनी मानिसमात्र होइन...उनी यस संसारको परमेश्वर जस्तै गरेर मान्नुपर्दछ।" लुसियस फरारिस, "पापा," उनको प्रोम्पटा बिबिलियोथेका (१७६३), ठेली ६, पृ. २५-२९ बाट निकालिएको लेख २।

पोप लियो तेऱ्हौले घमण्ड गरेर यो दावी गरेका थिए: "हामी (पोपहरू) यस पृथ्वीमा सर्बशक्तिमान परमेश्वरको ठाउँमा हुन्छौं।"- द ग्रेट इनसाइक्लिकल लेटर्स अभ पोफ लियो १३ (न्यु योर्क: बेन्जिगर, १९०३), पृ. १९३।

ती दावीहरू झन महत्त्वपूर्ण हुन्छन् जब अङ्ग्रेजी शब्द "anti-" (आन्टी) भन्ने शब्द आन्टी क्राइस्टमा प्रयो गरिन्छ त्यसको अर्थ "विरोधी"मात्र नभएर "ठाउँमा" भन्ने पनि अर्थ लाग्छ। त्यसकारण ख्रीष्ट विरोधी भन्नु "ख्रीष्टको ठाउँमा आफूलाई राख्नु हो।" ईश्वरनिन्दाको स्पष्ट परिभाषा यो भन्दा अरू के होला?

**उपसंहार:**

**थप जानकारी:** "स्वर्गमा भएको महान् विवादीय संग्रामको सुरुमै परमेश्वरको व्यवस्थालाई फाल्ने सैतानको लक्ष्य थियो । यही लक्ष्य पूरा गर्न सैतान सृष्टिकर्ता परमेश्वरको विरुद्धमा विद्रोह गरेको थियो । उसलाई स्वर्गबाट फ्याँकिएतापनि उसले परमेश्वरको व्यवस्थाको विरुद्धमा यस पृथ्वीमा आफ्नो युद्ध जारि राखेको छ । अनेकौँ छल र प्रपञ्चहरू रचेर परमेश्वरको दश आज्ञालाई इसाई हौँ भनेर दावी गर्ने मानिसहरूले पनि नमानोस् भनेर निरन्तररूपमा उसले प्रयास गरिरहेको छ । चाहे पूरै दश आज्ञाहरू अस्वीकार गरेर होस् वा केवल एउटामात्र अस्वीकार गर्ने होस् त्यसको नतिजा एउटै हुनेछ ।...इसाई धर्मका गुरु तथा विद्धानहरूलाई प्रयोग गरेर दश आज्ञालाई तिरस्कार गर्न लगाउने सैतानको प्रयासमा बाइबलका गरिमामाय शिक्षाहरूलाई पनि बङ्ग्याइ दिएका छन् । धर्मशास्त्र बाइबललाई विश्वास गर्छु भनेर दावी गर्ने हजारौँ इसाईहरूको आस्थामा सैतानले गलत र बाइबल सम्मत नभएका शिक्षा वा विद्याहरू घुसाइ दिएका छन् । सत्य विद्या र असत्य विद्याको बीचमा भइरहेको महान् द्वन्द्वको अन्तिम चरणमा परमेश्वरकै व्यवस्थालाई केन्द्रित गरेर युद्ध हुनेछ। परमेश्वरको व्यवस्थाको विरुद्धमा सैतानले युगौँ युगसम्म युद्ध छेडिरहेको छ। यही युद्धमा हामी अहिले पसिरहेकाछौँ त्यस युद्धको मूल विषय बस्तुहरू नै मानिसहरूका व्यवस्था वा नीतिहरू अर्थात् इसाई भनाउँदा धर्मगुरुहरूका बाइबल सम्मत नभएका नीतिहरू र यहोवाका नितीहरू, र बाइबलको शिद्ध धर्म र अनेकौँ परम्परा र काल्पनिक वा पुराणहरू भित्राएर धर्मलाई स्वीकार गर्ने भन्नेमा हुनेछ ।" –एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, ५८२ ।

प्रकाशको पुस्तक भरि परमेश्वरको आराधना र सृष्टिको बिषय नतोडिने गरेर जोरिएको छ । असल र खराबको बीचमा भइरहेको महान् विवाद, र पशुको छापको विषयबस्तुहरूमा परमेश्वर आराधनाको योग्य हुनुहुन्छ कि हुनुहुन्न भन्ने मूल विवादको केन्द्रविन्दु हो ।

यस संसारमा धैरै धर्महरू र भगवान भनेर दावी गर्ने सबैले आआफूहरू यस पृथ्वीको सृष्टिकर्ता भन्दछन् । तर युगौंदेखि निरन्तर चलिरहेको हप्ताको सातौँ दिन साबथले येशू ख्रीष्ट नै सृष्टिकर्ता हुनुहुन्छ भन्ने ठोस प्रमाण दिएको छ अर्थात् सृष्टिकर्ता ख्रीष्टको आराधना गर्नु भन्ने अवधारणा साबथको मुटुमा नै कुँदिएको छ । आफू साबथ दिनको प्रभु हो भनेर येशूले निरन्तररूपमा औँल्याउनुभएको थियो (मत्ती १२:८, मर्कूस २:२८, लूका ६:५) । हामी को हौँ भनेर अनन्तसम्म पहिचान गराउने र याद दिलाइरहने नै साबथ हो । हामीहरू परमेश्वर होइनौँ वा पुजनीय भगवान वा जगतगुरुहरू होइनौँ तर सृष्टि गरिएका मानव प्राणी हौँ र हामी कसैको पुजनीय होइनौँ भनेर निरन्तररूपमा सम्झाइरहने विद्या नै साबथ हो । प्रत्येक मानिस बराबर छन् र आदरको योग्य छ भनेर साबथले नै औँल्याउँछ । जब हामी साबथ दिनमा प्रभुको आराधना गर्छौँ र साबथलाई हृदयमा राख्दछौँ तब हामी सृष्टि गरिएका प्राणी हौँ भनेर निरन्तररूपमा दिमागमा घुसाइरहेको हुन्छ र हाम्रो सृष्टिकर्तामात्र हाम्रो आराधनाको योग्य हुनुहुन्छ भनेर पनि हाम्रो दिमागमा घचघच्याइरहेको हुन्छ । त्यसैकारणले सैतानले साबथलाई धैरै घृणा गर्छ र इसाई भनाउँदा प्रोटेस्टेन्ट चर्चहरूका अनुयायीहरू होउन् वा रोमन क्याथोलिकका अनुयायीहरू हुन् तिनीहरूलाई नै प्रयोग गरेर मानव जगतमा साबथको विरुद्धमा घृणा उसैले फैलाइरहको छ। हाम्रो सृष्टिकर्तासँग एकतमा राख्ने सुनौलो सिक्री नै साबथ हो । त्यसैले गर्दा युगको अन्तमा हुने सङ्कटमा साबथले निर्णायक भूमिका खेलेको हुन्छ ।

**चिन्तनमननः**

अ. समुद्रबाट निस्किएको पशुले आफै सर्वेसर्वा हुँ वा मानव जगतमाथि प्रभुत्व जमाउने अधिकार पाएको छु भनेर दावी कुन् आधारभूत नीतिहरूको आधारमा गर्दछ? त्यही आफ्नो भाउ खोज्ने नीति वा प्रवृत्तिहरू थाहै नपाइकन हाम्रा हृदयहरूमा कसरी अड्डा जमाउन सक्छन्?

आ. कतिपय शिक्षित वा बुज्रुक भनाउँदाहरू वा अलिकति पनि सोच्ने दिमाग भएकाहरूले सैतानको अस्तित्व वास्तविक होइन वा यो पौराणिक समयमा अन्धविश्वासको उपज हो र त्यसलाई गम्भिररूपमा लिनु आवश्यक छैन भनेर ढिपी गर्नेहरूलाई तपाईंले कसरी सम्झाउन सक्नुहुन्छ? तपाईंले कस्तो तर्क तिनीहरूको सामु प्रस्तुत गर्न सक्नुहुन्छ?

# कथा ११

# फेरि बप्तिस्मा लिएको

## सलोम, पोर्चुगाल



सालोमीलाई शिषु अवस्थामा नै बप्तिस्मा दिइएको थियो। जब उनी हुर्के तब उनका बाबुआमाको चर्चको रिति अनुसार चलेकी थिइनन्। चर्चले सिकाएका शिक्षाहरू ठिकै जस्तो नभएको उनलाई लागेको थियो। जब सालोमी ठूली भइन् उनी चर्चमा नै जान छोडिन्। उनले चर्चसँग सरोकार राख्न चाहिनन्। तर उनले परमेश्वरलाई विश्वास गर्दै रहिन् र उहाँको अगुवाइको निम्ति प्रार्थना गर्दै रहिन्।

जब सालोमीको चार वर्षको नाती योर्गे पोर्चुगालको टापु मडिइरामा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलमा भर्ना भयो तब सोलोमीले परमेश्वरको बारेमा सोच्न थालिन्। परिवारले योर्गेलाई एडभेन्टिस्ट स्कूलमा राख्ने योजना गरेको थिएन। त्यसलाई सार्वजनिक स्कूलमा भर्ना गरेको थियो तर त्यो स्कूलमा गयो कि त्यो केटा रुँथ्योमात्रै। जब परिवार केही कामको निम्ति आफूरहेको टापुको ठूलो सहर फुन्चालमा गएको थियो तब बालककै रोजीले त्यहाँको एडभेन्टिस्ट स्कूलमा भर्ना गरियो। दुई महिनासम्म त्यस हजुरआमा सालोमी त्यस नातीको कक्षामा सामेल भइन्। आफ्नो नातीले त्यहाँ मन पराउँछ कि मन पराँउदैन भनेर थाहा पाउन उनी त्यहाँ थिइन्। उनले शिक्षकहरूलाई मन पराइन् र उनको नाती घरमा जान कहिल्यै पनि रोएन।

स्कूलको दोस्रो तलामा बाइबल अध्ययन गर्न एडभेन्टिस्ट चर्चको पास्टरलाई सालोमीलाई अनुरोध गरे। आफू बाइबल अध्ययन गर्न कुनै समस्या नभएको तर कहिल्यै पनि आफ्नो टाउको पानीमा डुवाएर बप्तिस्मा नलिने भनेर पास्टरलाई उनले बताइन्। उनी बाइबल अध्ययनमा सरिक भइनन्।

केही समयपछि योर्गे र उसका बाबुआमाहरू प्रत्येक बुधवार प्रार्थना सभामा भाग लिन थालेको थियो। तिनीहरूले बाइबल अध्ययन गर्न थाले। त्यो देखेर सालोमी पनि बइबल अध्ययन गर्न जान थालिन् तर आफू कहिल्यै पनि बप्तिस्मा नलिने जिद्दी गरिरहिन्। "म जन्मिनेबित्तिक्कै मलाई बप्तिस्मा दिएको थियो। मलाई फेरि बप्तिस्मा लिनु आवश्यक छैन," उनले मानिसहरूलाई सुनाइन्।

चर्चको सदस्य आना नाउँ गरेकीसँग सालोमी बाइबल अध्ययन गर्न थालिन्। बाइबल अध्ययनको पहिलो दिनमा आनाले शिर झुकाएर परमेश्वरको

उपस्थितिको निम्ति प्रार्थना गरिन्। बाइबल अध्ययन पछि आनाले सालोमीलाई सोधिन्, "के तपाईं प्रार्थना गर्न चाहनुहुन्छ?" सालोमीले शिर हल्लाइन्। यो उनको पहिलो बाइबल अध्ययन थियो र त्यहाँ के भइरहेको छ सो अलमल मानिरहेकी थिइन्।

आनाले भजन गाउन अनुरोध गरिन् जुन सालोमे स्वीकारिन्। भजनको किताब खोले आना र सालोमी भजन गाउन थाले। "म कुमाले हुँ तिमी माटो हो," भनेर आनाले गाउन थालिन्। त्यो गीत सुन्ने बित्तिक्कै सालोमीका आँखाहरूमा आँशु बग्न थाले। उनी पनि गाउन कोशिश गरिन् तर एउटा शब्द पनि उच्चारण गर्न सकिनन्। अचम्म मानेर आना भजन गाउन रोकिन् र उठेर उनलाई अङ्गालोमार्दै भनिन्, "नरुनुहोस्।" त्यो भजन अत्यन्तै अर्थपूर्ण भएको सालोमीले बताइन्। त्यो भजन आफ्नो आमाको अंत्येष्टीमा गाएको थियो। त्यो सुनेर आना पनि रुन थालिन्। दुवै महिला रुन थाले।

सालोमीले आनासँग बाइबल अध्ययन गर्दै रहिन्। अनि पानीमा डुवेर येशूले बप्तिस्मा लिएको पाठ सालोमीले सिकिन्। शिशु बप्तिस्मा बाइबल सम्मत नभएको उनले थाहा पाइन्। उनी आफ्नो नाती र उसका बाबुआमासँग प्रार्थना सङ्गतिहरूमा जान थालिन्। अनि नातीका बाबु र आमाले बप्तिस्मा लिने योजना भएको बताए। बप्तिस्मा लिने दुई हप्ता अघि सालोमीले आनालाई आफू पास्टरसँग कुरा गर्न चाहेको सुनाइन्। सालोमीको दिमागमा के थियो सो आने बुझिन् र सोधिन्, "के तपाईं पनि वप्तिस्मा लिन चाहनुहुन्छ?"

आफू बप्तिस्मा नलिने जिद्दी गरेकी सालोमीले बप्तिस्मा लिने निर्णय गरेकोमा पास्टर अचम्म माने। आफ्नो निर्णयलाई केही समय सोच्न पास्टरले उनलाई अनुरोध गरे।

पाँच महिनापछि सालोमीले बप्तिस्मा लिएर आफ्नो आफ्नो हृदय येशूलाई सुम्पिन्। आज, एडभेन्टिस्ट चर्चको महिला सेवाकार्य विभागमा सालोमी काम गर्छिन्। योर्गेको बुबा चर्चको एल्डर छ भने आमा डिनेस छिन्। जब योर्गे १२ वर्षको भयो उसले पनि बप्तिस्मा लिएको थियो।

सार्वजनिक स्कूलमा योर्गे किन रुँथ्यो त्यो सालोमीलाई आजसम्म थाहा छैन तर जब योर्गेक एडभेन्टिस्ट स्कूलमा गयो तब उनको जीवन पूरै परिवर्तन भएको थियो। "पवित्र आत्माले मेरो हृदयमा काम गर्नुभयो, त्यसैकारण बप्तिस्मा लिने आवश्यक भएको मैले महसुस गरेको थिएँ," सालोमीले खुशी भएर व्यक्त गरिन्।